याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(आर्थिक विकास शाखा)

कृषि ईकाइ

थर्पु,पाँचथर

कोशी प्रदेश, नेपाल

सूचना नं : २९

मिति :२०८१/०८/०९

ने.स. ११४५ कछलागा, नवमी आईतबार

## विषय : कृषि चुन वितरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा, यस याङ्वरक गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत कृषि चुन वितरण कार्यक्रम (शत प्रतिशत अनुदान) अन्तर्गत कृषि चुन वितरण गरिने भएको हुँदा, यस सूचना प्रकाशित मितिले १० (दश) दिन भित्र सम्पूर्ण कृषकहरुमा आ-आफ्नो वडा कार्यालयमा माग निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरीएको छ ।

(नोट : गत आ.व. मा माटो परिक्षण गर्ने कृषकहरुको हकमा माटो परिक्षण रिपोर्ट र माटो परिक्षण नगराउने कृषकहरुको हकमा चुन लिन आँउदा अम्लिय पन परिक्षणको लागि माटोको नमूना लिएर आउनु पर्ने छ ।)

२०८१/०८/०९

**आवस्यक कागजातहरु :**

१. नागरिकताको प्रतिलिपि

२. जग्गा धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि

३. तोकिएको ढाँचामा निवेदन

स्काई पोखेल

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ :**

श्रीमान् अध्यक्ष ज्यू/उपाध्यक्ष ज्यूको सचिवालय, याङ्वरक गाउँपालिका, थर्पु, पाँचथर ।

**वोधार्थ :**

श्री सूचना प्रविधि शाखा, गाउँपालिकाको फेसबुक पेज र वेबसाईटमा अपलोड गरिदिनु हुन ।

श्री सम्पूर्ण वडा कार्यालयहरु, सूचना टाँस गरी निवेदन संकलन गर्नुहुन ।

**आवश्यक जानकारीको लागि सम्पर्क :**

सुष्मा वन्जारा : ९८४३७५८१५१

युवराज माबो : ९८०७९८४७८८



yangwarakruralmun@gmail.com www.facebook.com/yangwarak www.yangwarakmunpanchthar.gov.np ☎०२४,४१००४८- ०२४४१००४९

मिति : २०८१/०८/.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
याङवरक गाँउपालिका, थर्पु पाँचथर।

विषय : कृषि चुन माग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा, याङवरक गाँउपालिकाको मिति : २०८१/०८/०७ गते प्रकाशित सूचना अनुसार शत प्रतिशत अनुदानमा वितरण हुने कृषि चुन ........ के.जी. परिमाणमा मागको लागि यो निवेदन पेश गर्दछु।

निवेदक

नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

# माटो तथा मल परिक्षण प्रयोगशाला

झुम्का, सुनसरी

प्रदेश नं. १

# माटोको नमूना संकलन गर्ने तरिका

## अन्न तथा तरकारी बालीका लागि

एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिजलो पना आदि) भएको जमिनबाट १ बटा नमूना तयार पार्ने।



एउटा माटोको नमूना तयार गर्न १ गेपनीबाट कम्तीमा ५-६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ।



प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो "V" आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।






सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसंग मिसाउने।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने।





बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसंग मिसाएर पुनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोका नमूना करिब १/२ के.जी. नभएसम्म दोहोऱ्याउने। आधा के.जी माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिजलोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने।





छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक बटा ३ फिट गहिराईको खाडल खन्ने। माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २ र ३ फिट गहिराईमा चिनो लगाउने।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडामा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोऱ्याउने।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलामा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने।

**माटोको नमूना परिक्षण गर्न पठाउँदा निम्न अनुसारको विवरण हुनु पर्छ।**

नाम :------------------------------------

ठेगाना :------------------------------------

खेतको नाम वा कि.नं. :------------------------------------

लगाउने बाली :------------------------------------

सिंचीत वा असिंचीत जग्गा :------------------------------------